Norway

SUOMI FINLAND

UNDP

Renewable Energy for
Resilient Agri-Food Systems
कृषि खाद्य प्रणालीको लागि नवीकरणीय ऊर्जा

RERAS

# वातावरणमैत्री स्थानीय शासन

# योजना तर्जुमा र वातावरणमैत्री स्थानीय शासन




यो बाटो कहां जान्छ होला ?
कृपया बताई दिनु हुन्छकि ?


तपाईलाई कता जाने बाटो  चाहिएको हो ?


मलाई जाने ठाउ संग मतलब छैन ।


त्यसो भए तपाईं जहां गए पनि हुन्छ ।

# योजना तर्जुमा र वातावरणमैत्री स्थानीय शासन

- **योजनाः** निर्धारित लक्ष्य प्राप्त गर्न सहयोग पुर्याउने कार्यक्रमहरुको सँगालो

- **कार्यक्रमः** कुनै योजना अन्तर्गतका विभिन्न विषयक्षेत्रसँग सम्बन्धित आयोजना, कार्यपद्धति र सेवाहरुको एकीकृत समूह

- **आयोजनाः** तोकिएको बजेट र समयभित्र तोके बमोजिमको उद्देश्य प्राप्त गर्न निर्दिष्ट गरिएको अन्तर सम्बन्धित र समन्वयात्मक कार्यहरुको समूह

- **क्रियाकलापः** आयोजना वा कार्यक्रमको प्रतिफल प्राप्त गर्नकालागि निर्धारण गरिएका अन्तरसम्बन्धित र समन्वयात्मक छुट्टाछुट्टै कार्यहरु

**योजना भनेकोः**

- लक्ष्यहरू परिभाषित गर्ने,
- रणनीतिहरू स्थापना गर्ने
- इच्छित परिणामहरू कुशलतापूर्वक प्राप्त गर्ने कार्यहरूको रूपरेखा बनाउने
- आधारभूत र व्यवस्थित प्रक्रिया हो।

**योजनाले**

- भविष्यका आवश्यकताहरू अनुमान गरेर,
- स्रोतको बाँडफाँड गरेर,
- जोखिमहरू न्यूनीकरण गरेर
- हामी कहाँ छौं र कहाँ जान चाहन्छौं बीचको खाडललाई कम गर्छ।

# योजना

चाहेको अवस्था



हालको अवस्था

नतिजा

माध्यम

चुनौती

# योजना तर्जुमा र वातावरणमैत्री स्थानीय शासन



गाउँ/नगरपालिकाको योजनाबद्ध, एकीकृत तथा रणनीतिक विकासको लागि सामान्यतया देहाय अनुसारको योजना तर्जुमा गरी कार्यान्वयन गर्न सकिन्छ ।

- दीर्घकालिन/रणनीतिक गाउँ/नगर विकास योजना
- आवधिक गाउँ/नगर विकास योजना
- विषयगत गुरुयोजना
- बार्षिक विकास योजना (नीति, कार्यक्रम र बजेट)

# स्थानीय तहले योजना तर्जुमा गर्दा ध्यान दिनुपर्ने केही प्रमुख कुराहरु

- स्थानीय सरकारले स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६६ अनुसार अध्यक्ष/प्रमुखको संयोजकत्वमा स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठन गर्नुपर्ने ।
- यस्तो रकम पूँजीगत (विकास) र चालु (प्रशासनिक) छुट्टिएको हुनुपर्छ । विषयगत (Sectoral) पनि छुट्टिएको हुनुपर्ने ।
- छिमेकी गाउँपालिका/नगरपालिकासँग संयुक्त व्यवस्थापनमा कार्यक्रम/आयोजना संचालन गर्न आवश्यक भए त्यसका लागि वजेट व्यवस्थापन गरी सहकार्यको प्रक्रिया अपनाउनु पर्ने ।
- सम्बन्धित प्रदेश सरकार, नेपाल सरकारसँग संयुक्त लगानी वा सार्वजनिक निजी साझेदारीमा कुनै योजना सञ्चालन गर्ने भए त्यसको लागि बजेट व्यवस्थापन गरी सहकार्य अगाडि बढाउनु पर्ने ।

# स्थानीय तहले योजना तर्जुमा गर्दा ध्यान दिनुपर्ने प्रमुख कुराहरु

- वार्षिक योजना तर्जुमा गर्दा आ-आफ्ना क्षेत्रमा कार्यरत गैरसरकारी संस्था, उपभोक्ता समिति, व्यवस्थापन समिति, सहकारी संस्था, सामुदायिक संघ-सङ्गठनसँग समन्वय गरी एकीकृत कार्यक्रम बनाउनु पर्नेछ ।
- योजना तर्जुमा समयमा सबै वर्ग र पक्षको संलग्नता सुनिश्चित गर्नुपर्छ ।
- वार्षिक योजनालाई कार्यपालिकाले प्राथमिकता र आवश्यकताको आधारमा विश्लेषण र परिमार्जन गरी सभाबाट फागुन मसान्तभित्र निर्णय गराईसक्नु पर्छ ।
- पारित बार्षिक कार्यक्रम सम्बन्धित जिल्ला समन्वय समिति, प्रदेश सरकारलाई र राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगलाई पठाउनु पर्दछ ।
- योजनाको दूरगामी प्रभाव पर्ने हुँदा आवधिक योजना (५ देखि १० बर्ष सम्मको) बनाएर त्यसको सीमामा रही वार्षिक योजना बनाउनु उपयुक्त हुन्छ ।
- आवश्यकतामा आधारमा वातावरणविद्, नगर योजनाविद्, भूगर्भविद्, वनस्पतिविद् जस्ता विज्ञहरूको विज्ञता लिन वाञ्छनीय हुन्छ ।
- वातावरण संग सम्बन्धित सूचक लगायत दिगो विकासका लक्ष्यहरु स्थानीय योजनामा एकीकृत गर्ने ।

# वार्षिक योजना तर्जुमाका आधार

| प्रारूप | विवरण |
|---|---|
| वातावरणमैत्री स्थानीय शासनको प्रारूप, २०७८ | वातावरण संरक्षण, विपद व्यवस्थापन, बस्ती तथा घरको सौन्दर्यीकरण, पार्क तथा हरियाली विस्तार, प्राङ्गरिक कृषि, पोखरी संरक्षण आदि |
| बालमैत्री स्थानीय शासन कार्यान्वयन निर्देशिका, २०७८ | बाल विकास, बाल बचाउ, बाल संरक्षण, बाल सहभागिता, बालबालिकाको शिक्षा, खेलकूद, स्वास्थ्य, पोषण र विकास आदि |
| स्थानीय शासन कार्यसम्पादन मूल्यांकन (व्यवस्थापन तथा कार्य संचालन) कार्यविधि, २०८२ | **सुशासन तथा संस्थागत विकास**: योजना तथा वजेट, पारदर्शिता र उत्तरदायित्व, शासकीय प्रवन्ध, सेवा प्रवाह, सार्बजनिक वित्त व्यवस्थापन, समन्वय र सहकार्य<br>**सामाजिक विकास:** खानेपानी तथा सरसफाइ, शिक्षा, आधारभूत स्वास्थ्य, सामाजिक समावेशीकरण र संरक्षण, विवाद निरुपरण तथा मेलमिलाप<br>**आर्थिक विकास:** कृषि, पशु तथा सहकारी, भूमि तथा सिंचाइ, स्थानीय आर्थिक विकास, उद्यमशिलता र रोजगारी<br>**पूर्वाधार विकास:** स्थानीय सडक, भवन तथा अन्य सामाजिक पूर्वाधार, पूर्वाधार उपयोगिता र दिगोपन<br>**वन, वातावरण तथा विपद् व्यवस्थापन**: वातावरण संरक्षण, विपद् व्यवस्थापन |

# वार्षिक योजना तर्जुमाका आधार

| प्रारूप | विवरण |
|---|---|
| टोल विकास संस्था (गठन र परिचालन) नमूना कार्यविधि, २०७७ | टोल विकास समिति गठन, सामाजिक परिचालन, टोल विकास अभियान, सामाजिक अभियानहरू, सचेतना, नागरिक शिक्षा आदि |
| पोषणमैत्री स्थानीय तह कार्यन्वयन निर्देशिका, २०७८ | खानेपानी, सरसफाई, पोषण, स्वास्थ्य सुधार, मस्तिक विकास, बाल पोषण, खानपानमा सुधार आदि |
| दिगो विकास लक्ष्य स्थानीयकरण स्रोत पुस्तिका, २०७७ | दिगो विकासका सूचकको कार्यन्वयन र स्थानीयकरण |
| प्रदेश तथा स्थानीय तहको कार्यसम्पादन कार्यविधि, २०७८ | स्थानीय तहको विकास र सुशासनमा समग्र कार्य सम्पादन सुधार सम्बन्धमा राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगबाट जारी गरिएको निर्देशिका |

# स्थानीय वार्षिक बजेट निर्माणका सम्भागहरू

| | | | |
|---|---|---|---|
| खर्चको प्रक्षेपण | राजस्वको प्रक्षेपण | स्थानीय आर्थिक सर्वेक्षण | मध्यकालीन खर्च संरचना तयार |
| आर्थिक ऐन निर्माण | विनियोजन ऐन निर्माण | बजेट नीति तथा कार्यक्रम | वार्षिक विकास योजना दस्तावेज |
| वार्षिक अनुगमन तथा मूल्याङ्कन योजना | वित्तीय सुशासन योजना | वार्षिक कार्यक्रम सञ्चालन खाका | वार्षिक तथा बहुवर्षीय खरिद योजना निर्माण |

# स्थानीय तहको वार्षिक तर्जुमाका सात चरणहरु



# योजना तर्जुमा प्रक्रियामा नागरिक सहभागिता

- सहभागिता अर्थपूर्ण हुनुपर्ने।

- सहभागिता कसको, किन, कहिले हुने? प्रतिफल के हुन्छ? स्पष्टता हुनुपर्ने।

- स्थानीय बुध्दिजिवी, बिषय बिज्ञ, अनुभवी सेवा निवृत्त कर्मचारी वा जेष्ठ नागरिक, अल्पसंख्यक, दलित, जनजाति, महिला, बालबालिका, युवा, अपाङ्गता भएका व्यक्ति जस्ता सरोकारवालाको सहभागिता खोजिएको।

- स्थानीय तहले प्रदान गर्ने सेवाहरु को मार्फत, कसरी प्रवाह गर्ने, सेवा पाउनु पर्ने नागरिकले के, के तयारी गरेर आउनु पर्छ,  टोल वस्तीवाट योजना पहिचान गर्दा को, को उपस्थित हुनुपर्छ,  श्रोत साधनका लागि सहभागिताले कसरी मद्धत गर्दछ भन्ने विषय स्पष्ट हुनु पर्ने।



# योजना तर्जुमा प्रकृयामा वातावरणमैत्री स्थानीय शासन

- वातावरणमैत्री स्थानीय शासन एक वहुसरोकार र वहुक्षेत्र सम्बन्धी विषय हो
- हरेक विषय क्षेत्रका योजनाहरुमा वातावरण सम्वन्धी विषय जोडिएको हुन्छ ।
- वातावरणसंग सम्वन्धित क्षेत्रमा कार्यगर्ने निकाय, सामाजिक संस्था लगायत आम नागरिकहरु योजना तर्जुमा प्रक्रियाका सहभागि हुनु पर्छ
- वातावरणमैत्री स्थानीय शासनका विषयहरु खासगरी सूचकहरुलाई स्थानीय योजनामा समावेश गर्न पहल गर्नु पर्दछ ।

**सहभागिताका चरणहरु**




# योजना तर्जुमामा टोल विकास समिति/संस्थाको भूमिका

- वस्तीस्तरका योजना तर्जुमा बैठक, गोष्ठी तथा छलफल कार्यक्रमहरुमा सहभागि हुने ।
- योजना तर्जुमा प्रक्रियामा आम नागरिकको सहभागिता वृद्धि गर्न पहल गर्ने ।
- स्थानीय योजना तर्जुमा, प्राथमिकिकरण तथा बजेट विनियोजन गर्दा वस्ती तथा टोलस्तरका आवश्यकतालाई प्राथमिकताका साथ समावेश गर्ने ।
- टोलवासीको हित अनुकुलका योजना छनौट गर्न सक्रिय रहने ।

# योजना तर्जुमामा गैर सरकारी संस्थाको भूमिका

- स्थानीय तहसँगको समन्वयमा रही कार्य गर्ने ।
- गैससका कार्यक्रमहरु पालिकाको योजना पुस्तिकामा समावेश हुनुपर्ने I
- योजना तर्जुमा प्रक्रियामा प्राविधिक सहयोग गर्ने ।
- योजना तर्जुमा प्रकृयामा नागरिक सहभागिता बृद्धि गर्न स्थानीय तहलाई सहयोग गर्ने ।
- श्रोतको सही पहिचान तथा परिचालन गर्न स्थानीय तहलाई सहयोग गर्ने ।
- स्थानीय तहले तोकेको संयुक्त अनुगमन तथा प्रगति प्रतिवेदन प्रणालीको अवलम्वन गर्ने ।
- गैससबाट संचालन हुने कार्यक्रममा दोहोरोपना हटाउने ।
- स्थानीय तहले माग गरे वमोजिमका अन्य सहयोग उपलव्ध गराउने ।

# हामी सक्छौं


वातावरणमैत्री घर
वातावरणमैत्री टोल/वार्ड
वातावरणमैत्री गाउँ/नगरपालिका
वातावरणमैत्री जिल्ला
वातावरणमैत्री राष्ट्र

धन्यवाद